# प्रभाव दैनिक
National Daily

वर्ष ९ | अंक २३२ | काठमाडौं | शुक्रबार, ८ पुस २०७९ | Prabhab National Daily | Friday, December 23, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**वैदेशिक रोजगारमा जाँदा सचेत रहौं**

- आधिकारिक कागजातका आधारमा मात्र वैदेशिक रोजगारमा जाऔं ।
- आधिकारिक कागजात नहुँदा वैदेशिक रोजगारीमा जाने कामदारहरूले :
  - करारबमोजिम काम र सुविधा नपाउने,
  - विदेशी भूमिमा पीडित बन्नुपर्ने,
  - स्वदेश फर्कन कठिनाई हुने,
  - कतिपय अवस्थामा जेल सजायसमेत भोग्नुपर्ने,
  - ज्यानसमेत गुमाउनु पर्ने लगायतका अवस्था आउन सक्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# प्रधानमन्त्रीमा अल्झियो सरकार गठन

■ जेबी योञ्जन



■ प्रधानमन्त्री छाड्न तयार भएनन् देउवा

■ प्रधानमन्त्री बन्न दाहाललाई ओलीको 'अफर'

**काठमाडौं–** सांसदका रूपमा शपथ ग्रहणपछि सरकार गठनमा दलका नेताहरूको दौडधुप तीव्र भएको छ । संसद्मा पहिलो दल रहेको नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रले सरकार गठनका लागि सत्ता गठबन्धनमा अगुवाइ गरिरहेका छन् । कसले सरकारको पहिलो चरणमै नेतृत्व गर्ने भन्नेमा सहमति जुट्न सकेको छैन ।

प्रधानमन्त्रीसमेत रहेका कांग्रेस सभापति शेरबहादुर देउवा पहिलो चरणमा प्रधानमन्त्री बन्ने अडानमा अडिक छन् । बुधबार दलको नेताका लागि भएको चुनावमा महामन्त्री गगनकुमार थापालाई भारी मतान्तरले पराजित गरेपछि उनी कांग्रेसबाट प्रधानमन्त्रीका आधिकारिक उम्मेदवार बनेका छन् ।

उनले पार्टीको कार्यसम्पादन समिति बैठकबाट सरकार गठनको नेतृत्व कांग्रेसले गर्ने निर्णय गराएका छन् । यसको मतलव प्रधानमन्त्री पद कुनै पनि हालतमा नछाड्ने पक्षमा देउवा छन् ।

बिहीबार साँझ बालुवाटारमा भएको भेटमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालसँग पनि देउवाले पहिलो चरणमा आफैं प्रधानमन्त्री भएर सरकारको नेतृत्व गर्ने अडान दोहोऱ्याए । त्यसपछि दाहाललाई दोस्रो चरणमा प्रधानमन्त्री बनाउन सहयोग गर्ने देउवाले बताए ।

'तपाईं दुई वर्षपछि प्रधानमन्त्री हुनुहोस् । अहिले म हुन्छु । तर, तपाईंले म प्रधानमन्त्री हुन्छु पहिलो चरणमा भन्नुभएकोबारे छलफल गर्न सकिन्छ,' देउवाको भनाइ उद्धृत गर्दै उनको सचिवालयका एक सदस्यले भने ।

दाहालले भने पहिलो चरणमा आफूलाई प्रधानमन्त्रीमा सहयोग गर्न देउवासँग आग्रह गरेका थिए । दाहालले पहिले भएको भद्र सहमतिबारे पनि देउवालाई स्मरण गराएका थिए । देउवाका सचिवालयका ती सदस्य दाहालको भनाइ उद्धृत गर्दै भन्छन्, 'तपाईं हामीबीच पहिले आलोपालोमा सरकार चलाउने भन्ने थियो । अहिले तपाईंले त्यसलाई पालना गर्नुपऱ्यो ।'

एकीकृत समाजवादीका अध्यक्ष नेपालले पनि प्रधानमन्त्रीमा अहिले दाहाललाई सहयोग गर्न देउवालाई आग्रह गरेका थिए । तर, देउवाले अन्तर्राष्ट्रिय शक्तिहरू दाहाललाई प्रधानमन्त्रीको रूपमा देख्न चाहने अवस्थामा नरहेको बताएका थिए । यद्यपि, प्रधानमन्त्रीबारे छलफल गर्न सकिने उनले बताए ।

देउवाको दल कांग्रेसले प्रधानमन्त्री र राष्ट्रपति दुवै पद अन्य दललाई छाड्न नसकिने जनाउँदै आएको छ । सभामुख पद माओवादीलाई र राष्ट्रियसभा अध्यक्ष नेकपा एकीकृत समाजवादीलाई छाड्न सकिने पक्षमा कांग्रेस छ । तर, माओवादी अध्यक्ष दाहाल पहिलो चरणमै प्रधानमन्त्री हुने दृढ अडानमा छन् । उनलाई पार्टीभित्र पनि (**बाँकी पृष्ठ २ मा**)

## ओली-दाहाल नजिकिँदै

**काठमाडौं (प्रस)–** संसद्को दोस्रो दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले चुनावलगत्तै माओवादी अध्यक्ष पुष्पकमल दाहाललाई फोन गरेर सँगै मिलेर अगाडि बढौं भन्ने प्रस्ताव राखेको अवस्थाबीच ओली-दाहालका रहस्यमयी तस्बिरहरू बुधबारदेखि सार्वजनिक भइरहेका छन् ।

राष्ट्रपति विद्यादेवी भण्डारीले शीतलनिवासमा प्रतिनिधिसभाका ज्येष्ठ सदस्यको रूपमा राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद पशुपतिशमशेर जबरालाई शपथ खुवाउने समारोहमा ओली-दाहाल गफिरहेको तस्बिर सार्वजनिक भयो । उनीहरूको यो तस्बिरलाई लिएर अनेक चर्चा चल्दै गर्दा बिहीबार पनि संसद् भवनमा शपथ ग्रहणका लागि सहभागी हुने क्रममा ओली-दाहाल मुस्कुराइरहेका तस्बिर ओलीकै सचिवालयबाट सार्वजनिक भयो ।

सत्ता गठबन्धनमा प्रधानमन्त्री को पहिलो चरणमै हुने (**बाँकी पृष्ठ ३ मा**)



# सुरू भयो ५ वर्षे यात्रा

■ प्रभाव संवाददाता

**काठमाडौं–** संघीय संसद्अन्तर्गतको प्रतिनिधिसभामा नवनिर्वाचित सांसदहरूको संसद् यात्रा बिहीबारदेखि औपचारिकरूपमा सुरु भएको छ । पद तथा गोपनीयताको शपथ लिएसँगै उनीहरूको पाँच वर्षे कार्यकाल सुरु भएको हो ।

प्रतिनिधिसभाका ज्येष्ठ सदस्य पशुपतिशमशेर जबराले नवनिर्वाचित सांसदहरूलाई पद तथा गोपनीयताको शपथ गराएका हुन् । नयाँबानेश्वरस्थित संघीय संसद् भवनमा बिहीबार आयोजित विशेष समारोहमा ज्येष्ठ सदस्यको हैसियतमा उनले सांसदहरूलाई शपथ गराए ।

शपथ लिन नवनिर्वाचित सांसद राष्ट्रिय पोसाक तथा आ-आफ्नो साँस्कृतिक पहिचान झल्कने पोसाकमा सजिएर संसद् भवन पुगेका थिए । संसद् सचिवालयका अनुसार २६ जना सांसदले विभिन्न १४ मातृभाषामा शपथ लिएका छन् ।

प्रतिनिधिसभामा निर्वाचित २७५ सांसदमध्ये १७ जना शपथ ग्रहणमा अनुपस्थित

प्रतिनिधिसभाका ज्येष्ठ सदस्य जबराले बुधबार राष्ट्रपति विद्यादेवी भण्डारीबाट शपथ लिएका थिए । नेपालको संविधानको धारा ८८ बमोजिम संघीय संसद्को प्रत्येक सदनका सदस्यले सदन वा त्यसको कुनै समितिको बैठकमा पहिलोपटक भाग लिनुअघि संघीय कानुनबमोजिम शपथ लिनुपर्ने व्यवस्था छ ।

शपथअघि ज्येष्ठ सदस्य जबराले नयाँबानेश्वरस्थित संघीय संसद् भवनमा बोलाएको सर्वदलीय बैठकमा संघीय संसद् सचिवालयका महासचिव डा. भरतराज गौतमले शपथ ग्रहणको प्रक्रियाका बारेमा जानकारी गराएका थिए । (**बाँकी पृष्ठ २ मा**)

# माओवादी संसदीय दलको नेता बने दाहाल

**काठमाडौं (प्रस)–** नेकपा माओवादी केन्द्रको संसदीय दलको नेतामा पुष्पकमल दाहाल चयन भएका छन् । सिंहदरबारस्थित संसदीय दलको कार्यालयमा बिहीबार बसेको दलको बैठकले नेतामा अध्यक्ष दाहाललाई चयन गरेको हो । यस्तै, दलको प्रमुख सचेतकमा हितराज पाण्डे निर्विरोध चयन भएका छन् । दलको उपनेता र सचेतक भने चयन गरिएको छैन ।

यस्तै, राष्ट्रिय सभातर्फ दलको नेता नारायणकाजी श्रेष्ठ चयन भएका छन् । प्रमुख सचेतकमा गोपीबहादुर सार्की अछामी र सचेतकमा गंगाकुमारी बेल्वासे पहिलेदेखि नै कार्यरत छन् ।

माओवादीको बिहीबारको पदाधिकारी बैठकले संसदीय दलको नेतामा अध्यक्षसमेत रहेका पूर्वप्रधानमन्त्री दाहाललाई संसदीय दलको नेता बनाउने निर्णय गरेको थियो । सोही बैठकले प्रमुख सचेतकमा नेता पाण्डेलाई चयन गर्ने निर्णय गरेको थियो । गत मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा माओवादीले प्रत्यक्ष र समानुपातिक गरी ३२ स्थानमा जित हासिल गरेको छ ।

**सन्दर्भ : वैदेशिक रोजगार**

# 'मौसमी कामदार' पठाउन स्थानीय तहलाई अधिकार

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले मौसमी कामदारको रूपमा विदेश जान चाहने नेपालीहरूका लागि वैधानिक बाटो खोलेको छ । श्रम, रोजगार तथा समाजिक मन्त्रालयले तयार पारेको मौसमी कामदार पठाउने निर्देशिका मन्त्रिपरिषद्बाट स्वीकृत भएसँगै वैधानिक बाटो खुलेको हो ।

गत सोमबार बसेको मन्त्रिपरिषद् बैठकले निर्देशिका स्वीकृत गरे पनि मन्त्रालयले सार्वजनिक गरेको छैन । विभिन्न गन्तव्य मुलुकमा मौसमी कामदार पठाउन स्थानीय तहलाई अधिकार दिनेगरी निर्देशिका ल्याइएको श्रम मन्त्रालयका एक उच्च अधिकारीले बताए । उनका अनुसार स्थानीय तहहरूले गन्तव्य मुलुकका स्थानीय निकाय वा रोजगारदाता कम्पनीसँग सीधा सम्झौता गरी नेपालबाट मौसमी कामदार पठाउन सक्ने छन् । स्थानीय तहमार्फत माग भएका क्षेत्रमा काम गर्नका लागि मौसमी कामदारलाई कानुनीरूपमै तीन महिनादेखि अधिकतम एक वर्षसम्मको श्रम स्वीकृति प्राप्त हुने व्यवस्था गरिएको छ । तर, व्यक्तिगत पहलमा अनलाइन फाराम भरेर छनोट हुने मौसमी कामदारलाई निर्देशिकाले विदेश जान रोक्नेछ ।

श्रम गन्तव्य मुलुकका सरोकारवाला निकाय वा रोजगारदाता कम्पनीहरूबाट कामदारको माग आएपछि स्थानीय तहले खुला प्रतिस्पर्धामार्फत कामदार छनोट गर्नुपर्नेछ । त्यसरी छनोट भएका कामदारको सूची श्रम स्वीकृतिका लागि वैदेशिक रोजगार विभागमा पठाइनेछ । अन्तिम श्रम स्वीकृति लिँदा कामदार आफैंले बिमा शुल्क तिरेर जीवन बिमा सुरक्षण गरेको प्रमाणित कागजात पेस गर्नुपर्नेछ । मन्त्रालयका अधिकारीले दिएको जानकारीअनुसार मौसमी कामदारको रूपमा विदेश जाने नेपालीले कुनै पनि निकायमा कुनै किसिमको शुल्क बुझाउनुपर्ने छैन । साथै, मौसमी कामदारलाई 'फ्रि भिसा, फ्रि टिकट' उपलब्ध हुनेछ ।

स्थानीय तहले गन्तव्य मुलुकका स्थानीय निकाय वा रोजगारदाता कम्पनीसँग सीधा सम्झौता गरी नेपालबाट मौसमी कामदार पठाउन सक्ने

गत साता मन्त्रालयले आयोजना गरेको एक कार्यक्रममा श्रमसचिव एकनारायण अर्यालले कोरियालगायत युरोपका केही मुलुकबाट मौसमी कामदारको माग उच्च देखिएको बताएका थिए । आफूखुसी असुरक्षित तवरले विदेश जाने र ठगिने क्रमसमेत बढेका कारण यसलाई व्यवस्थित गर्न मन्त्रालयले श्रम स्वीकृति दिएर निःशुल्क कामदार पठाउन सघाउ पुग्नेगरी निर्देशिका बनाएको अर्यालले बताएका थिए ।

मौसमी कामदारका रूपमा विदेश गएर आम्दानीको प्रलोभनमा परेर भाग्ने, गम्भीर बिरामी हुने, अलपत्र पर्ने र विविध परिबन्धमा जेल पर्नेलगायतका समस्या देखिन थालेपछि निर्देशिका ल्याइएको मन्त्रालयको भनाइ छ । वैदेशिक रोजगार ऐन २०६४, स्थानीय सरकार सञ्चालन ऐन २०७५ बमोजिम भगिनी सम्बन्धको आधारमा वैदेशिक रोजगारीका लागि स्थानीय तहलाई कामदार पठाउने अधिकार नभए पनि निर्देशिकामार्फत जिम्मेवारी दिन लागिएको हो ।

# सुरक्षित वैदेशिक रोजगारमा सञ्चारको भूमिका महत्त्वपूर्ण

**काठमाडौं (प्रस)–** सुरक्षित वैदेशिक रोजगारका लागि सञ्चारमाध्यमको भूमिका महत्त्वपूर्ण हुने सरोकारवालाहरूले बताएका छन् । अन्तर्राष्ट्रिय आप्रवासी दिवसको सप्ताहव्यापी कार्यक्रमको अन्तिम दिन बिहीबार वैदेशिक रोजगारीका लागि सञ्चारमाध्यमले खेल्नसक्ने भूमिकाका सम्बन्धमा आयोजित छलफलमा सहभागी वक्ताहरूले सो कुरा बताएका हुन् ।

मानवअधिकारका लागि जनमञ्च (पिपुल फोरम) ले राजधानीमा आयोजना गरेको कार्यक्रममा कानुनविद् सोम लुईंटेलले वैदेशिक रोजगारीमा जाने अधिकांश नेपालीहरूले श्रम गन्तव्य मुलुकमा पुगेपछि भोग्नुपर्ने समस्याबाट बेखबर जस्तै देखिएका कारण जनचेतानाका लागि सञ्चारमाध्यमले महत्त्वपूर्ण भूमिका खेल्ने बताए । वैदेशिक रोजगारको क्षेत्रमा वकालत गर्दै आएका लुईंटेलले कामदारका पक्षमा अभाव देखिएका नीति निर्माणका लागि सम्बन्धित निकायहरूलाई सञ्चारमाध्यमले घच्घच्याइ रहनुपर्नेमा जोड दिए । उनले वैदेशिक रोजगारसम्बन्धी अनुसन्धानमुलक रिपोर्टिङलाई अझै बढाउँदै लैजानुपर्ने आवश्यकता रहेको बताए ।




त्यस्तै सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालका अध्यक्ष हरिबहादुर थापाले सञ्चारमाध्यमकै कारण वैदेशिक रोजगार क्षेत्र सुधारोन्मुख बन्दै गएको धारणा राखे । पत्रकारहरूको क्षमता अभिवृद्धिका लागि सरकार तथा गैरसरकारी संस्थाले सहयोग गर्नुपर्ने उनको भनाइ थियो ।

राष्ट्रिय मानवअधिकार आयोगका प्रतिनिधि कमल थापा क्षेत्रीले वैदेशिक रोजगारबाट प्राप्त रेमिटयान्सले मुलुकको अर्थतन्त्र चलिरहेको भन्दै राज्यले वैदेशिक रोजगारमा रहेका र फर्केका कामदारहरूलाई सम्मानजनक व्यवहार गर्नुपर्ने बताए । उनीहरूको अधिकार र योगदानलाई सञ्चारमाध्यमले प्राथमिकतासाथ उठान गर्नुपर्ने उनले बताए । पिपुल फोरमले वैदेशिक रोजगारमा गएर विभिन्न परिस्थितिबाट प्रभावित भएका नेपालीहरूलाई निःशुल्क कानुनी सहायता प्रदान गर्दै आएको जानकारी दिएको छ ।


जनहितमा जारी सन्देश




**लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।**

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

## प्रधानमन्त्रीमा अल्झियो...

पृष्ठ १ बाट जारी

प्रधानमन्त्री पद नछाड्न चर्को दबाब छ । बिहीबार बेलुकी पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा बसेको पदाधिकारी बैठकमा धेरै नेताहरूले दाहाललाई प्रधानमन्त्री कुनै पनि हालतमा लिनुपर्ने सुझाएका थिए । उक्त बैठकले माओवादीकै नेतृत्वमा सरकार गठन गर्ने निर्णय गरेको छ ।

'सरकारको नेतृत्व हामी लिनेगरी पहल गर्न गर्नेछौं । पहिलेदेखि हाम्रै नेतृत्वमा सरकार बनाउने समझदारीअनुसार गठबन्धन अघि बढ्नेछ,' माओवादी सचिव लीलामणि पोखरेलले प्रभावसँग भने ।

माओवादीबाट प्रधानमन्त्री भए दाहाल नै हुने छन् । बिहीबारको पदाधिकारी बैठकले उनैलाई संसदीय दलको नेता चुनेको छ । दलको प्रमुख सचेतकमा हितराज पाण्डे चुनिँदा संसदीय दलको उपनेता भने चुनिएन । उपनेतामा उपमहानसचिवहरू वर्षमान पुन र जनार्दन शर्माको दाबी छ । दुवै नेताको दाबी उपनेतामा रहँदा नेतामा चुनिएका दाहाल भने देउवालाई गलाएर प्रधानमन्त्री बन्ने खेलमा लागेका हुन् ।

माओवादी सांसद जनार्दन शर्माले पहिलो चरणमा दाहाल प्रधानमन्त्री हुने ठोकुवा नै गरे । 'सरकार गठनका लागि हामी छलफलमै छौं । गठबन्धनको बैठकले नयाँ प्रधानमन्त्री तय गर्छ,' उनले बिहीबार शपथ ग्रहणपछि सञ्चारकर्मीहरूसँग भने, 'पहिलो प्रधानमन्त्री प्रचण्ड नै हो तर यसबारे गठबन्धनले ठोस निर्णय गर्नेछ ।'

दाहाललाई पहिलो चरणमा प्रधानमन्त्री हुन नेता नेपालको साथ छ । गठबन्धनको अर्को दल राष्ट्रिय जनमोर्चा पनि दाहाललाई प्रधानमन्त्री बनाउनुपर्ने पक्षमा छ । यद्यपि, देउवा प्रधानमन्त्री पद छाड्न तयार देखिएका छैनन् । सरकार गठनको समय भने आइतबार बेलुकी ५ बजेसम्म छ । यो अवधिसम्ममा सरकार गठन गर्न सकिने भनेको संविधानको धारा (७६) को उपधारा (२) अनुसार हो ।

यो उपधाराअनुसार दुई वा दुईभन्दा बढी दलको समर्थन लिएर बहुमत सिद्ध गर्न सक्ने प्रतिनिधिसभाका सदस्यले प्रधानमन्त्रीमा दाबी गर्न सक्छन् । यही संवैधानिक प्रावधानलाई टेकेर पहिलो चरणमै देउवा र दाहाल प्रधानमन्त्री बन्ने दौडमा छन् ।

प्रधानमन्त्री जो पहिलो चरणमा हुन्छ, दुई वर्षसम्म उसले अविश्वासको प्रस्तावको सामना गर्नु पर्दैन । त्यही भएर देउवा र दाहाल पहिलो चरणमै प्रधानमन्त्री जुनसुकै हालतमा हुने भन्दै कम्मर कसेर लागेका हुन् ।

गत ४ मंसिरमा भएको चुनावको जनादेश कांग्रेस, माओवादी, नेकपा एस, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र राष्ट्रिय जनमोर्चा रहेको सत्ता गठबन्धनलाई छ । त्यही भएर गठबन्धनका नेताहरूमध्ये देउवासँगै प्रचण्ड गठबन्धनकै सरकार बनाउने र प्रधानमन्त्री हुने पक्षमा छन् । तर, प्रधानमन्त्रीमै हलो अड्किएको छ ।

## सुरु भयो...

पृष्ठ १ बाट जारी

गत मंसिर ४ मा सम्पन्न निर्वाचनबाट प्रतिनिधिसभामा पहिलो हुने निर्वाचित हुने प्रणालीबाट १६५ र समानुपातिक प्रणालीबाट ११० गरी कूल २७५ सांसद निर्वाचित भएका छन् ।

निर्वाचित सांसदहरूमध्ये बिहीबारको शपथ ग्रहणमा १७ जना सांसद अनुपस्थित रहे । उनीहरूलाई पुनः शपथ गराइने संसद् सचिवालयले जनाएको छ ।


## तु-आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**1. Assistant Manager-1(M)**
योग्यता : Bachelor passed, म्यानपावर सम्बन्धी अनुभवी

**2. Documentation-1(F/M)**
योग्यताः +2 passed ,म्यानपावर क्षेत्रमा ३ देखि ५ वर्ष अनुभवी
नोटः Photoshop सम्बन्धी ज्ञान भएको, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

**3. Officeboy-1(F)**

तलबः आपसी समझदारीमा

G.R. INTERNATIONAL EMPLOYMENT PVT. LTD.
Samakhusi-29, Kathmandu,BAGMATI Tel : +977-1-4989945
Mobile No: 9841866145, E-mail: gremploymentnepal@gmail.com



## सूचना ! सूचना !! सूचना !!!

यस JASMINE OVERSEAS PVT.LTD. (ई.प.नं. ८७४/०६६/०६७) मा कार्यरत 1. Binod Kumar Sardar (श्रम प्रतिनिधि) पदमा यस प्रा. लि. मा काम गर्दै आउनु भएको र आफ्नो व्यक्तिगत काम विशेषका कारण राजीनामा दिनु भएको हुनाले निज व्यक्तिसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**Jasmine Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं.८७४/०६६/०६७ Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MNT CONTRACTING & SERVICES WLL.

पूर्व स्वीकृति मिति २०७९/०७/१८ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/०७ LT. No. 274783 चलानी नं. ६०१९०५००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Supervisor | 1 | 0 | 2500 | ९१,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manager | 1 | 0 | 6000 | २१९,५२५ | | | | | | | |
| 3 | Foreman | 1 | 0 | 2500 | ९१,४७० | | | | | | | |
| 4 | Busin. Executive | 2 | 0 | 4500 | १६४,४६५ | | | | | | | |
| 5 | Representative | 2 | 0 | 2500 | ९१,४७० | | | | | | | |
| 6 | Sales Supervisor | 1 | 0 | 2500 | ९१,४७० | | | | | | | |
| 7 | Service Employee | 1 | 0 | 2000 | ७३,१७५ | | | | | | | |
| 8 | Gen. Clean Worker | 1 | 0 | 1000 | ३६,५८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष १५ गते (30th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**LEADER OVERSEAS PVT.LTD.**
Govt. License 1408/074/75
Samakhusi-26, Kathmandu, BAGMATI
Ph No.01-4950391,9746536116,9847990386,9841179700
Email :leaderoverseas2018@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Al Barakah Kuwait General Trading & Contracting Co ( CROWNE PLAZA /HOLIDAY INN HOTEL )

पूर्व स्वीकृति मिति २०७८/११/१३ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/०७ LT. No. 258687 चलानी नं. ६०१७५११९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Commis I | 5 | 5 | 140 | ५९,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Commis II | 5 | 10 | 120 | ५०,६२० | | | | | | | |
| 3 | Housekeping Attendan | 7 | 4 | 100 | ४१,१८५ | | | | | | | |
| 4 | Kitchen Steward. | 11 | 0 | 100 | ४१,१८५ | | | | | | | |
| 5 | Laundry Attendant | 10 | 5 | 100 | ४१,१८५ | | | | | | | |
| 6 | Receptionist / Gsa | 5 | 5 | 200 | ८४,३७० | | | | | | | |
| 7 | Waiter/waitress | 5 | 6 | 120 | ५०,६२० | | | | | | | |

कम्पनी : GRAND HOTEL KUWAIT

पूर्व स्वीकृति मिति २०७८/०९/२२ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/०७ LT. No. 255767 चलानी नं. ६०१६५१६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bakery & Pastry Chef | 0 | 1 | 130 | ५५,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Barista | 3 | 3 | 140 | ५९,०६० | | | | | | | |
| 3 | Carpenter | 1 | 0 | 150 | ६३,७६५ | | | | | | | |
| 4 | Chef De Partie | 1 | 1 | 200 | ८४,३७० | | | | | | | |
| 5 | Commi Chef | 2 | 1 | 120 | ५०,६२० | | | | | | | |
| 6 | Demi Chef | 2 | 1 | 160 | ६८,०२० | | | | | | | |
| 7 | Driver | 2 | 0 | 150 | ६३,७६५ | | | | | | | |
| 8 | Executive Housekeeper | 1 | 0 | 280 | ११९,०३५ | | | | | | | |
| 9 | General Technician | 1 | 0 | 170 | ७२,२७० | | | | | | | |
| 10 | Housekeeping Attendant | 6 | 8 | 100 | ४१,१८५ | | | | | | | |
| 11 | Housekeeping Supervisor | 0 | 1 | 180 | ७६,५२० | | | | | | | |
| 12 | Kitchen Equipment Specialist | 1 | 0 | 200 | ८४,३७० | | | | | | | |
| 13 | Laundry Equipment Specialist | 1 | 0 | 200 | ८५,०२५ | | | | | | | |
| 14 | Laundry Man | 2 | 2 | 100 | ४१,१८५ | | | | | | | |
| 15 | Painter | 2 | 0 | 150 | ६३,७६५ | | | | | | | |
| 16 | Plumber | 1 | 0 | 150 | ६३,७६५ | | | | | | | |
| 17 | Receptionist | 1 | 1 | 150 | ६३,७६५ | | | | | | | |
| 18 | Sous Chef | 1 | 0 | 300 | १२७,५३५ | | | | | | | |
| 19 | Steward | 8 | 0 | 100 | ४१,१८५ | | | | | | | |
| 20 | Waiter/waitress | 2 | 4 | 110 | ४६,७६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष १५ गते (30th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FOOD BASICS TRADING COMPANY

पूर्व स्वीकृति मिति २०७९/०४/२२ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/०७ LT. No. 268377 चलानी नं. ६०१८४६८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 14 | 0 | 1000 | ३५,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष १५ गते (30th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**NOVA INTERNATIONAL PVT. LTD.** श्रम ईजाजत नं. १०१९/०६८/०६९
P.O.Box: 6859, New Baneswor, Kathmandu, Nepal. Tel:- +977-1-4785761/4784578, Fax:- + 977-1-4784571
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np

## कुवेत/कतार/साउदी/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HAIR DRYER INSTITUTE AND SALON 278111FOR WOMEN BEAUTIFICATION.

पुर्व स्वीकृति मिति २०७९/०९/०७ LT No :278107 चलानी नं. ६०१९३६६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Indoor) | 23 | 0 | 85 | ३६,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HAIR DRYER INSTITUTE AND SALON 278111FOR WOMEN BEAUTIFICATION.

पुर्व स्वीकृति मिति २०७९/०९/०७ LT No :278111 चलानी नं. ६०१९३६६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barber / Hair Dresser | 0 | 10 | 130 | ५६,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicure & Pedicure | 0 | 4 | 150 | ६४,७०० | | | | | | | |

कम्पनी : RESTAURANT CASH AL-ARZ FOR MEALS

पुर्व स्वीकृति मिति २०७९/०९/०६ LT No :278088 चलानी नं. ६०१९३६२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 2 | 0 | 1600 | ५६,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : KHONDOKAR SERVICES

पूर्व स्वीकृति मिति : २०७९/०५/२९ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/०७ LT. No. 271932 चलानी नं.६०१८७७९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electric | 1 | 0 | 1100 | ३८,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 3 | 0 | 2500 | ८७,१५५ | | | | | | | |
| 3 | General Clean Worker | 1 | 0 | 1000 | ३४,८६० | | | | | | | |
| 4 | Labour | 2 | 0 | 1000 | ३४,८६० | | | | | | | |
| 5 | Representative | 2 | 0 | 2200 | ७६,६९५ | | | | | | | |
| 6 | Typist | 3 | 0 | 1300 | ४५,३२० | | | | | | | |

कम्पनी : BEST WAY GENERAL CLEANING HOSPITALITY AND SERVICES

पूर्व स्वीकृति मिति : २०७९/०५/२९ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/०७ LT. No. 271933 चलानी नं.६०१८७७९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Forman | 1 | 0 | 2500 | ८७,१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Cleaning Worker | 1 | 0 | 1000 | ३४,८६० | | | | | | | |
| 3 | Jewellery Maker. | 1 | 0 | 1500 | ५२,२९५ | | | | | | | |
| 4 | Labour | 5 | 0 | 1000 | ३४,८६० | | | | | | | |
| 5 | Mason | 1 | 0 | 1100 | ३८,३५० | | | | | | | |
| 6 | Tile Maker | 1 | 0 | 1100 | ३८,३५० | | | | | | | |
| 7 | Waiter | 2 | 0 | 1400 | ४८,८०५ | | | | | | | |

कम्पनी : GRAND SUPREMACY SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०४/०८ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/०७ LT. No. 267686 चलानी नं.६०१८३७२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 79 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : LUKMA ALAFIYA RESTAURANT CO

पूर्व स्वीकृति मिति : २०७९/०४/०६ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/०७ LT. No. 267808 चलानी नं.६०१८३७३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 5 | 0 | 85 | ३६,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Motorcycle Driver | 15 | 0 | 130 | ५६,०७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष १५ गते (30th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

प्रदेश सरकार
सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय

## पूर्वाधार विकास कार्यालय, मोरङ

प्रदेश नं.१, विराटनगर

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति २०७९-०९-०८**

यस कार्यालयबाट मिति २०७९-०६-२६ गतेको मध्यान्न दैनिकमा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार मिति २०७९-०८-०१ गते दिउसो १२ बजे सम्म www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका तथा सोही दिन दिउसो १ बजे खोलिएका बोलपत्रहरू मध्ये तपसिल बमोजिमका बोलपत्रदाताहरूको बोलपत्र न्युनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| सि.नं | विवरण | छनोट गरिएको बोलपत्र दाता | कबोल अंक (मू.अ.कर समेत) |
|---|---|---|---|
| 1. | Installation of Traffic Light Including all accessories in Urlabari, Damak, Birtamode & Charali | Third Floor Construction Pvt.Ltd., Baneshwor -Kathmandu | 96,04,005.60 |

नेपाल सरकार
गृह मन्त्रालय
कारागार व्यवस्थापन विभाग
कारागार कार्यालय
नुवाकोट, फोन नं.: ०१०५६०४५४

## अरुवा मन्सुली (मोटा) चामल आपुर्ति सम्बन्धी सीलवन्दी बोलपत्र आह्वानको सूचना

**सूचना नं: ०१/०७९/०८० (प्रथम पटक प्रकाशित मिति : २०७९/०९/०८)**

यस कारागार कार्यालय नुवाकोटको कारगार वन्दीगृहमा २०७९ साल मंसिर मशान्त सम्ममा थुनामा रहेका पुरुष तथा महिला कैदीवन्दी र थुनुवासमेत १८० जना (समय समयमा घटवढ हुन सक्ने) को लागि २०७९ साल माघ १ गते देखी २०८० पौष मशान्त सम्म सिधा वापत अरुवा मन्सुली (मोटा) चामल कारागार ऐन नियमावली वमोजिम कैदीवन्दीहरू लाई तोकिएको स्केल बमोजिम उपलब्ध गराउन आवश्यक्ता अनुसारको परिमाणमा पटक पटक रूपमा आपुर्ति गर्नको लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्रमा यस कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालय नुवाकोटवाट रु.३०००-। पछि फिर्ता नहुने गरि राजस्व दस्तुर दाखिला गरि बोलपत्र खरिद गर्न सकिनेछ र ३१ औ दिनको ठिक १२:०० बजे भित्रमा जमानत रकम नगद ,धरौटी वा मान्यता प्राप्त वैंकहरूको बैंक ग्यारेन्टी समेत साथै राखी उल्लेखित चामलको नमुना संलग्न गरी सीलवन्दी बोलपत्र पेश गर्न हुन इच्छुक योग्य खाद्यान्न आपुर्ति फर्म तथा सप्लायर्सहरू लाई आह्वान गरिन्छ । यस सूचनामा उल्लेख भएका विषयहरू यसै सूचना बमोजिम र उल्लेख नभएका विषयहरूको हकमा बोलपत्र सम्बन्धी फाराम साथ उपलव्ध हुने सूचना तथा शर्तहरू एर्व सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन नियमानुसार हुनेछ । साथै यस सम्वन्धी विस्तृत जानकारी यस कार्यालयको सूचना पाटीमा टांस भए बमोजिम हुनेछ ।

| सि.नं. | खरिद हुने मालसामानको विवरण | लगत अनुमान रकम रु. (मु.अ.कर बाहेक) | जमानत रकम रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| १ | अरुवा मन्सुली (मोटा) चामल | २६,६७,४२०।- | ७२,०००।- | ३,०००।- |

**कारागार प्रमुख (जेलर)**

# मास्क लगाउन आग्रह

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिड-१९ (कोरोना भाइरस) संक्रमणको जोखिम फरक स्वरूपमा देखिएको भन्दै स्वास्थ्य मापदण्ड पालना गर्न आग्रह गरेको छ । मन्त्रालयले बिहीबार विज्ञप्ति जारी गरी पछिल्लो अवस्थालाई मध्यनजर गर्दै मास्कको प्रयोग गर्न, एकअर्काबीच भौतिक दूरी कायम राख्न र व्यक्तिगत हातको सरसफाइमा विशेष ध्यान दिन अनुरोध गरेको छ ।

मन्त्रालयले छिमकी मुलुकहरूमा संक्रमण बढिरहेको उल्लेख गर्दै सबै सीमानाका बिन्दुका स्वास्थ्य सहायता कक्षहरूमा स्क्रिनिङ, निगरानी, सतर्कता एवं आवश्यक तयारी गर्न आग्रह गरेको छ । मन्त्रालयका सहप्रवक्ता डा. समीर कुमार अधिकारीले केही देशमा संक्रमणको नयाँ भेरियन्ट पुष्टि हुँदै फैलिँदै गरेको अवस्थामा मन्त्रालयले निगरानी बढाउने एवं सम्बन्धित देशसँग समन्वय गर्ने कार्य भइरहेको जानकारी दिए ।

नेपालमा कोभिड-१९ को संक्रमण कम भए पनि विश्वव्यापीरूपमा हेर्दा केही देशहरूमा भने संक्रमणको नयाँ स्वरूप बढिरहेकाले जोखिम रहेको मन्त्रालयले जनाएको छ । नेपालमा छिमेकी मुलुकमा देखिएका कोरोना भाइरसको नयाँ भेरियन्ट भने नदेखिएको मन्त्रालयको भनाइ छ ।

मन्त्रालयका सहप्रवक्ता डा. अधिकारीले छिमेकी मुलुकमा देखिएको बिएफ ७ नामक प्रजातिको नयाँ भेरियन्ट नेपालमा फेला नपरेको जानकारी दिए । उनका अनुसार एक महिनामा देशका विभिन्न ठाउँबाट संकलन गरिएका नमूनाको 'जिन सिक्वेन्सिङ' गर्दा बिएफ ७ नामक प्रजातिको भेरियन्ट फेला नपरेको हो । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा ४८ नमूना परीक्षण गर्दा सबैमा ओमिक्रोन भेरियन्ट फेला परेको उजले बताए ।

# १३ जोडी जुम्ल्याहा पढाउने विद्यालय

■ राजु चापागाई

**कावासोती-** पूर्वी नवलपरासीको एउटै विद्यालयमा १३ जोडी जुम्ल्याहा विद्यार्थी अध्ययन गरिरहेका छन् । कावासोती-३ स्थित संस्थागत सिद्धार्थ आवासीय माध्यमिक विद्यालयमा उनीहरू अध्ययन गर्दै आएका छन् ।

नर्सरीदेखि कक्षा १० सम्म अध्ययन गर्ने १३ जुम्ल्याहा जोडी रहेको विद्यालयका संस्थापक प्रध्यानाध्यपक भोजराज दाहालले बताए । 'विगतमा पनि जुम्ल्याहा विद्यार्थी विद्यालयमा पढ्न आउने गरेका थिए, एकैपल्ट यतिधेरै जुम्ल्याहा विद्यार्थी पढ्न आएका यसपटक नै हो, यो आफैंमा दुर्लभ संयोग हो,' दाहालले भने, 'एउटै शैक्षिक सत्रमा १३ जोडी जुम्ल्याहा विद्यार्थी हामीसँग हुँदा गर्व लागेको छ ।'

जुम्ल्याहा जन्म आफैंमा दुर्लभ जन्म भएको बताउँदै प्रिन्सिपल दाहालले जुम्ल्याहा विद्यार्थीको आफ्नो विद्यालयको गौरव भएको बताउँछन् । 'एउटै विद्यालयमा १३ जोडी जुम्ल्याहा हुनु हाम्रा लागि दुर्लभ मात्रै होइन ऐतिहासिक पनि हो, हामी यी नानी बाबुको अध्ययन अध्यापनमा कुनै कमी हुन नदिने गरेर लागेका छौं,' दाहालले भने ।

जुम्ल्याहा विद्यार्थी अध्यापन गराउँदै आएका शिक्षकसँग पनि फरक खालको अनुभव रहेको छ । जुम्ल्याहा विद्यार्थी एउटै कक्षामा रहेकाले ऊनीहरूमा सहकार्य प्रतिस्पर्धाको भावाना रहेको विद्यालयका सामाजिक शिक्षक ईश्वर पौडेल बताउँछन् । विद्यार्थीलाई अध्यापन गराउने क्रममा शिक्षक अनुहारमा एकरूपता भएकाले कहिलेकाहीँ झुक्किने गरे पनि जुम्ल्याहा जोडीसँग व्यवहार गर्न सजिलो हुने पौडेलको भनाइ छ । १३ जोडी जुम्ल्याहा विद्यार्थी अरु विद्यार्थीजस्तै पढाइ र अतिरिक्त क्रियाकलापमा अब्बल रहने गरेका उनले बताए ।

विद्यालयको कक्षा १० मा पढ्ने जुम्ल्याहा दाजुबहिनी निहाल क्षेत्री र निहारिका क्षेत्री दुवैले जुम्ल्याहा भएर जन्मिन पाएकोमा गर्व लागेको बताए । एउटै कक्षाको पढाइ भएकाले घरमा अध्ययन गर्न सजिलो भएको भन्दै उनीहरू घरमा अभिभावकको माया बराबर पाउने गरेको बताउँछन् । उनीहरू जस्तै विद्यालयकै कक्षा ८ मा पढ्ने रीतिका सापकोटा र रिया सापकोटा दिदीबहिनी हुन् । दिदीबहिनी त्यसैमाथि एउटै कक्षामा अध्ययन गर्ने भएकाले कहिलेकाहीँ साथीहरू र शिक्षक शिक्षिकासमेत झुक्किने गरेको अनुभव उनीहरूसँग छ ।

जुम्ल्याहा सन्तान जन्मिँदा सुरुका केही वर्ष हुर्काउन बढाउन समस्या भएको भए पनि दुवै सन्तानले सँगसँगै प्रगति गरेको देख्दा भने फरक खालको खुसी महसुस हुने गरेको कावासोती-२ का जुम्ल्याहा सन्तानका पिता रिसिकान्त सापकोटा बताउँछन् । जुम्ल्याहा सन्तानलाई आमाको दूध, पोषणलगायतका कुराहरू आवश्यक मात्रमा पुऱ्याएर सुरु सुरुमा हुर्काउन गाह्रो भए पनि हुर्किँदै गएपछि धेरै कुराहरू मेल खाने भएकाले उनीहरूलाई बुझ्न झनै सजिलो हुने सापकोटाले बताए । 'सँगै पढ्ने, सँगै खेल्ने, एकअर्काको भावना अरु बच्चाहरूले भन्दा छिट्टै बुझ्ने भएकाले पनि रमाइलो लाग्छ,' उनले भने ।

वि.सं. २०४६ मा स्थापना भएको उक्त विद्यालयले आफ्नो ३३औं वार्षिकोत्सवमा मंगलबार जुम्ल्याहा सन्तान र उनीहरूका अभिभावकलाई सम्मान गरेको छ । *रासस*

## ओली–दाहाल...

पृष्ठ १ बाट जारी

भन्नेमा समझदारी नभएका बेला दुई कम्युनिस्ट नेताको यस्ता तस्बिरहरू सार्वजनिक हुनुलाई अर्थपूर्णरूपमा हेरिएको छ। किनभने, ओलीले दाहाललाई साथमा लिएर कम्युनिस्ट सरकार बनाउन चाहेका छन् । ओलीले बुधबार र बिहीबार मिलेर जानेबारे नै आफूलाई प्रस्ताव गरेको पदाधिकारी बैठकमा दाहालले खुलासा गरेका थिए ।

'बैठकमा उहाँ (प्रचण्ड)ले हिजोमात्र ओलीजीसँग शीतलनिवासमा ज्येष्ठ सांसदलाई शपथ दिने कार्यक्रममा भेट गर्नुभएको थियो । तपाईंहरूले तस्बिर पनि हेर्नुभयो नि ! उहाँ (ओली)ले अहिले तपाईं हामी मिलेर जाँदा राम्रो हुन्छ। मिलौं। तपाईंलाई प्रधानमन्त्री बनाउन सहयोग गर्छु भनेर प्रस्ताव राख्नुभएको थियो,' माओवादी अध्यक्ष दाहालको भनाइ उद्धृत गर्दै बैठकमा सहाभागी एक पदाधिकारीले भने, 'तर, मैले हामीले अहिले तत्काल त्यतातिर सोचेको छैन भन्ने जवाफ दिएँ ।'

ओलीले यसअघिदेखि नै दाहाललाई गठबन्धनबाट अगल हुन आग्रह गर्दै आएका छन् । तर, दाहाल तत्कालका लागि गठबन्धन तोड्ने पक्षमा छैनन् । उनी ओलीलाईभन्दा देउवालाई 'कम्फर्टेबल' मान्छन् । त्यही भएर गठबन्धनकै सरकार बनाउने र आफैं प्रधानमन्त्री हुन जोडबल गरिरहेका छन् ।

यता एमालेको पदाधिकारी बैठकले जनादेशको सम्मन गर्ने निर्णय गरेको छ । बिहीबार ओलीनिवास बालकोटमा बसेको बैठकले वर्तमान सत्ता गठबन्धन कायम रहेसम्म सरकार गठनको प्रक्रियामा नलाग्ने निर्णय गरेको हो । सत्ता गठबन्धन टुटेको अवस्थामा भने एमालेले सरकार गठनका लागि अग्रसरता लिने निर्णय गरेको छ ।


## बिमालेख हरायो

मिति २०७९/०५/२१ गते, रामेछापबाट मन्थली जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

नाम : सेती माया श्रेष्ठ
बिमालेख नं : १०५०११०२५
(नेपाल लाइफ इन्स्योरेन्स, शाखा कार्यालय मन्थली)
ठेगाना : ओखेनी, रामेछाप न.पा.६
सम्पर्क नं : ९८४४२८४८९६, ९८५४०४३५१६


## नाता बचत तथा ऋण सहकारी संस्था लिमिटेड

बागबजार, कामनपा–२८, काठमाडौं
फोन नं. ०१५३४११२९, ०१५३४२१२८
Email: natacooperative@gmail.com

### एघारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**आदरणीय सेयरधनी महानुभावहरू,**
मिति २०७९ असोज १ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस संस्थाको एघारौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा हुने भएकोले सम्पूर्ण सेयर सदस्य महानुभावहरूको जानकारी तथा उपस्थितीको लागि अनुरोधका साथ सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय :**
मिति : २०७९ साल पुस २२ गते शुक्रबार
स्थान : होटल लियोली इन प्रा.लि., बागबजार, काठमाडौं ।
समय : बिहानको ११:०० बजे ।

**साधारण सभामा छलफल गर्ने प्रस्तावहरू:**

१. संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूले प्रस्तुत गर्नु हुने २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखा परिक्षणको प्रतिवेदन २०७८/०७९ को वासलत, नाफा-नोक्सान हिसावसहितको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।
३. आ.व.२०७९/०८० को लागि लेखा परिक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।
४. आ.व. २०७८/०७९ को साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न संचालक समिति र साधारण सभाका सदस्यहरूबाट कम्तीमा ८ जना प्रतिनीधि चयन गर्ने सम्वन्धमा ।
५. आ.व. २०७८/०७९ मा संचालक समितिको निर्णय बमोजिम संस्थामा भए गरेका कार्यहरूलाई अनुमोदन गर्ने सम्वन्धमा ।
६. विविध

**संचालक समितिको आज्ञाले**
**सचिव**

## Roshi Rural Municipality
## Office Of Rural Municipality
**Amaltar, Kavre**
**Bagmati Province,Nepal**

### प्राबिधिक प्रस्ताव स्वीकृत गर्ने तथा आर्थिक प्रस्ताव खोल्ने आसयको सूचना

**प्रकाशित मिति : २०७९/०९/०८**

यस कार्यालयबाट प्रकाशित ठेक्का सम्बधी सुचना र तत्पश्चात रितपूर्वक दर्ता भएका बोलपत्र उपर कारवाही हुँदा देहायका बोलपत्रदाताहरूको प्राविधिक प्रस्ताब स्वीकृत गरी आर्थिक प्रस्ताब खोल्न मुनासिब देखिएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ को उपनियम ५ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

Project Title: Damphu Jiwanta Sangralaya Construction Phase III
Contract No.: RRM/DJSC/W/NCB/04-2079/80

| S.N. | प्राविधिक प्रस्ताव स्वीकृत भएका बोलपत्रदाताहरू |
|---|---|
| 1. | Sateshwor Nirman Sewa Pvt.Ltd., Kathmandu |
| 2. | Lama Pragati Nirman Sewa, Kavrepalanchok |
| 3. | C.B.Construction Pvt.Ltd., Kavrepalanchok |

**आर्थिक प्रस्ताब खोल्ने**
**मिति** : २०७९/०९/१७
**समय** : दिनको १:०० बजे,
**स्थान** : गाउँपालिकाको कार्यालय


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDUL KARIM DAHAM SALEM AL DAHAM CAR SERVICE WORKSHOP
पूर्व स्वीकृति मिति २०७९/०८/०२ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/०७ | LT. No. 275907 | चलानी नं. ६०१९१५१८

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Car Electrician Worker | 1 | 0 | 1000 | ३५,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Car Mechanic Worker | 2 | 0 | 1000 | ३५,११५ | | | | | | | |
| 3 | Plumber Vehicles | 1 | 0 | 1700 | ५९,७०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष १५ गते (30th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**
श्रम ईजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PALAZZO HOTEL COMPANY
पूर्व स्वीकृति मिति २०७९/०९/०७ | LT No.278110 | चलानी नं ६०१९३६६८

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KWD | ने.रू. | | | | | | | |
| 1 | Bell Boy | 2 | 0 | 95 | ४०,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | House Keeping | 7 | 7 | 100 | ४३,१३० | | | | | | | |
| 3 | Receptionist | 1 | 0 | 135 | ५८,२३० | | | | | | | |
| 4 | Waiter / Waiteress | 10 | 10 | 120 | ५१,७६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष १५ गते (30th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Dubai Overseas International Pvt. Ltd.**
श्रम ईजाजत नं. ७५१/०६४/०६५
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com


## फार वेस्टर्न एग्रो जाईन्ट लिमिटेडको

FAR-WESTERN AGRO GIANT LTD. 2076

### वार्षिक साधारण सभाको सूचना !

श्री आदरणीय सेयरधनी महानुभावहरू,
यस **फार वेस्टर्न एग्रो जाईन्ट लिमिटेड**को २०७९ पौष २ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार फार वेस्टर्न एग्रो जाईन्ट लिमिटेडको **तेस्रो वार्षिक साधारण सभा** निम्न मिति, स्थान र समयमा निम्न विषयहरूमा छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण सेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, स्थान र समय :**
मिति : २०७९ साल पौष २९ गते, शुक्रबार, (२०२३ जनवरी १३)
स्थान : कम्पनीको कार्यालय, अमरगढी-१, मौरडा, डडेल्धुरा ।
समय : १०:०० बजे

**(क) साधारण सभाका साधारण प्रस्तावहरू :**
१. सञ्चालक समितिको तेस्रो वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षकको प्रतिवेदन सहितको बासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तीय विवरणहरू पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७९/०८० को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. कम्पनीको तेश्रो साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न संचालक समितिका पदाधिकारका अतिरिक्त सेयरधनीको तर्फबाट प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।

**(ख) विविध :**

**संचालक समिति**
०९६-५९०८८२, ९८४८७३३८५१

**साधारणसभा सम्बन्धी जानकारी :**
१. सम्पूर्ण सेयरधनी महानुभावहरूले यसै सूचनालाई आधार मानि साधारण सभामा उपस्थित हुनुहुन अनुरोध गरिन्छ ।
२. सेयरधनी महानुभावहरूले साधारणसभामा उपस्थित हुँदा आफ्नो परिचय खुल्ने परिचयपत्र साथमा ल्याउन अनिवार्य छ ।
३. साधारणसभामा भाग लिनका लागि प्रतिनिधि (PROXY) नियुक्ति गर्न चाहने सेयरधनीहरूले प्रतिनिधि पत्र (PROXY FORM) भरी सभा सुरु हुनभन्दा ३ दिन अगावै कम्पनीको कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । नियुक्त गरिएको प्रतिनिधि कम्पनीको सेयरधनी हुनु अनिवार्य छ ।
४. विविध शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने सेयरधनीहरूले आफुले प्रश्न गर्न चाहने विषयबारे कम्तिमा २ दिन अगावै सो को लिखित जानकारी कम्पनीको कार्यालयमा गराईसक्नुपर्नेछ भने लिखित रूपमा प्राप्त नभएको विषयबस्तु उपर प्रश्न गर्न सकिने छैन ।
५. सेयरधनी महानुभावहरूको सुविधाका लागि उपस्थिति पुस्तिका बिहान ९.०० बजेदेखि खुल्ला रहनेछ ।
६. अन्य जानकारीका लागि कम्पनीको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्नुहुन अनुरोध छ ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ROZA LEVANTO LLDYAFA W ALTANZEFAT
पूर्व स्वीकृति मिति २०७९/०६/२७ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/०७ | LT. No. : 273812 | चलानी नं. ६०१८९३८१

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | General Clean Worker | 0 | 6 | 1100 | ३९,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 0 | 4 | 1500 | ५४,४१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष १५ गते (30th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd**
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PLASTO PACK FACTORY
पूर्व स्वीकृति मिति २०७८/०५/३१ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/०७ | LT. No. : 245677 | चलानी नं. ६०१६४५३

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Labourer | 15 | 0 | 1000 | ३६,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Technician | 6 | 0 | 1200 | ४३,५२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष १५ गते (30th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd**
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GME CARBON SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०६/०३ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/०७ | LT. No. 271733 | चलानी नं. ६०१८७९८०

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | General Worker | 1 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष १५ गते (30th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.**
Govt. License 938/067/068
Samakhusi, Ktm, Nepal, TEL: + 977-1-4983080, 4983088, 4955765

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : WIRA SECURITY SERVICES SDN BHD
पुर्व स्वीकृति मिति २०७९/०८/२५ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/०७ | LT. No. 277466 | चलानी नं. ६०१९३०४६

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Security Guard | 70 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान र मितिः
झापा, बिर्तामोड -(Center Point Hotel)२०७९ पौष १५ गते (30th Dec. 2022) मा हुनेछ ।
सुनसरी -ईटहरी -(Itahari, Sub-Metro, London Hotel)२०७९ पौष १६ गते (31st Dec. 2022) मा हुनेछ ।
बिर्तामोडको लागि सम्पर्क : ९८०७९६३७९५, ९८०७९६३७९५

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ASIA LINK SERVICES PVT. LTD.**
ASIA LINK Services Pvt. Ltd. श्रम ईजाजत नं ११९/०५५/०५६
Basundhara Kathmandu,Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### सांसदहरूलाई शुभकामना

बिहीबार शपथ ग्रहण गरेसँगै प्रतिनिधिसभामा निर्वाचित सांसदहरूको कार्यकाल औपचारिकरूपमा सुरु भएको छ। गत मंसिर ४ गते सम्पन्न निर्वाचनबाट निर्वाचित सांसदहरूले प्रतिनिधिसभाका ज्येष्ठ सदस्य पशुपतिशमशेर जबराबाट शपथ लिएका हुन्। शपथ लिन नवनिर्वाचित सांसद राष्ट्रिय पोसाक तथा आ–आफ्नो साँस्कृतिक पहिचान झल्कने पोसाकमा सजिएर संसद् भवन पुगे थिए। जुन दृश्यले विविधतायुक्त मुलुकको वास्तविक अनुहार झल्काएको थियो।

साथै, २६ जना सांसदले विभिन्न १४ मातृभाषामा शपथ लिए। यसले विभिन्न मातृभाषा बोल्ने समुदायहरूको प्रतिनिधित्व संसद्मा झल्काएको छ। त्यतिमात्र होइन मुलुकभित्र बोलिने सबै भाषालाई राष्ट्र भाषा मान्ने नेपालको संविधानमा उल्लिखित व्यवस्था व्यवहारमा कार्यान्वयन भएको अनुभूति गराएको छ।

शपथ ग्रहणसँगै आफ्नो काँधमा थपिएको जिम्मेवारी सांसदहरूले भुल्नु हुँदैन। सांसदहरूको मुख्य भूमिका भनेको मुलुकको लागि आवश्यक कानुन निर्माण गर्ने हो। संविधानमा उल्लिखित व्यवस्थाहरूलाई कार्यान्वयनमा ल्याउन आवश्यक ऐन कानुन निर्माण गर्न उनीहरूले अग्रणि भूमिका खेल्नुपर्छ। यस्तो ऐन कानुन निर्माण गर्दा मुलुक र जनताको हितमा हुनुपर्छ। ऐन कानुन कसैको स्वार्थप्रेरित हुनु हुँदैन। यदि त्यसरी ऐन कानुन बनाउन खोजिए सांसदरुले इमान्दार भएर त्यसको विपक्षमा उभिनुपर्छ। सीमित व्यक्ति वा समूह वा व्यवसायीको फाइदाका लागि नयाँ ऐन, कानुन बनाउने वा पुरानोलाई संशोधन गर्ने कार्यलाई रोक्नुपर्छ। यसका लागि सांसदहरू सशक्तरूपमा उभिन जरुरी छ। साथै, यी कानुनहरूको कार्यान्वयन गराउन सरकारलाई निर्देशित गर्ने भूमिकामा पनि सांसदहरू रहन्छ।

अहिले मुलुकको मुख्य सवाल भनेको विकास र समृद्धि हासिल गर्नु हो। यो सम्पूर्ण नेपालीको चाहना, सपना हो। रोजगारीका लागि विदेशिन नपरोस्, आफ्नै देशमा उच्च शिक्षा, स्वास्थ्यको व्यवस्था होस् भन्ने चाहना छ। यसका लागि राजनीतिक स्थायित्व पहिलो सर्त हुने गर्दछ। विगतमा अस्थिर राजनीतिकै कारण मुलुकले अपेक्षित फड्को मार्न नसकेको हो। त्यसैले अब राजनीतिक स्थायित्व कायम गरी विकास र समृद्धिको लक्ष्यमा पुग्ने मार्ग तय गर्न नवनिर्वाचित सांसदहरूले भूमिका खेल्नुपर्छ।

मुलुकमा व्याप्त भ्रष्टाचार, अनियमिततालगायतका विकृति नियन्त्रणमा सशक्त भूमिका खेल्नुपर्छ। चुनावमा जनतासमक्ष गरेका वाचाहरू पूरा गर्न इमान्दारिताका साथ लाग्नुपर्छ। जनताले ठूलो आशा र भरोसासहित जिताएर पठाएका छन्। आगामी पाँच वर्षमा मुलुकलाई कस्तो बनाउने ? कुन दिशामा मुलुकलाई लैजाने ? भन्ने जिम्मेवारी जनताले सांसदहरूको हातमा सुम्पिएको छ। यो जिम्मेवारीमा सांसदहरू चुक्नु हुँदैन।

मुलुकमा पटक–पटक व्यवस्था फेरियो तर देश र जनताको अवस्था फेरिन सकेको छैन। विभिन्न आन्दोलनबाट प्राप्त वर्तमान संघीय व्यवस्थालाई समृद्ध बनाउनुपर्ने आजको आवश्यकता हो। यो व्यवस्था आएको धेरै समय भएको छैन। यद्यपि, यो व्यवस्थाप्रति असन्तुष्टिका आवाजहरू उठ्न थालेका छन्। व्यवस्था परिवर्तनका कुरा पनि उठेका छन्। तर, व्यवस्था परिवर्तन समाधान होइन। यसमा रहेका कमी कमजोरीहरूलाई सुधार गर्दै यसलाई संस्थागत गर्नुपर्ने आवश्यकता छ। यसतर्फ सांसदहरूको ध्यान जान जरुरी छ। आगामी पाँच वर्षमा जनअपेक्षा पूरा हुनेगरी काम गर्न सफल होस्, नवनिर्वाचित सांसदहरूलाई शुभकामना !

## मनन्योग्य

### चाणक्य नीति

बाँकी बचेका सेना लिई सिकन्दरको ठूलो सेनासँग युद्ध गरे, तर दुर्भाग्य पुरुको आफ्नै अगाडि रहेका आफ्ना सेना, युनानी सेनाद्वारा मिचिदा हड्बडाएर आफ्नै पक्षका सेनातिर दौड्दै आउँदा असङ्ख्य सेना हात्तीले कुल्चिएर मर्न पुगे। अन्तमा पुरुले लडाई हार्नुपऱ्यो। सिकन्दरले उनलाई बन्दी बनायो।

अर्को दिन सिकन्दरका अगाडि पुरुलाई खडा गरियो। हतकडी लगाइएका पुरुसँग सिकन्दरले प्रश्न गऱ्यो- 'तपाईंसँग म कस्तो व्यवहार गरू ?'

'त्यही जो एक राजाले अर्को राजासँग गर्छ'- निडर भई पुरुले जवाफ दिए। यस्तो वीरोचित कुराले अवाक् भयो सिकन्दर। धेरै समयसम्म पुरुलाई उसले हेरिरह्यो र केही हाँस्दै भन्यो- 'तपाई महाराज भन्न योग्य हुनुहुन्छ, म मित्रताको हात बढाउँछु भन्दै जितेका राज्य र अन्य साना राज्यसमेत उनलाई फिर्ता गरेर उनकै राज्यमा मिलाइदियो।' यसपछि सिकन्दर आफ्ना सेनाका साथ 'ग्लोगेनिकाई' नामक उत्तर-पश्चिम जनजाति प्रदेशमा पस्यो। त्यहाँका मानिसले आत्मसमर्पण गरे। त्यो पनि सिकन्दरले पुरुकै राज्यमा मिसायो। चिनाव नदी पार हुन सिकन्दरले ठूलो नोक्सानी व्यहोर्नुपऱ्यो। त्यसपछि उसले रावी नदी पनि पार गयो।

रावीमा कैथियानहरूको (कठ) राज्य थियो। उनीहरू हम्मेसी आत्मसमर्पणका पक्षमा थिएनन्। कठहरूसँगको युद्धमा विजय पाउन सिकन्दरलाई बडो मुस्किल पऱ्यो। धेरै सिपाही मर्नुका साथै त्यस डरलाग्दो युद्धले सिपाहीको उत्साह भंग भयो। कठ राज्य नगिचै सौभूति राज्य थियो। त्यहाँका राजाले भने सिकन्दरसमक्ष आत्मसमर्पण गरे।

व्यास नदीका किनारमा पुगेपछि सिकन्दरलाई थाहा भयो- पारितिरको उर्वरा भूमिमा बलवान् किसानहरूको गणराज्य छ। त्यो राज्यको शासन अत्यन्तै सशक्त छ। त्यस राज्यदेखि पर फैलिरहेको नन्दको साम्राज्य मगध छ। मगधमा ठूलो सेनाका साथै हात्तीहरूको बाहुल्य रहेको छ। यस्तो सूचनाले सिकन्दरका सैनिकहरूको हृदय काम्यो। विवश भएर झेलम नदीकै बाटो गरी सिकन्दरका सैन्यहरू आफ्ना देशतिर फर्किए। क्रमश :

# 'केही थान मन्त्री र उपप्रधानमन्त्रीका लागि सरकारमा जाँदैनौं'

- चुनावी नतिजाबाट ठूलो जनमत परिवर्तनका पक्षमा छ भन्ने सन्देश आएको छ। यसले परम्परागत राजनीतिक दलको विकल्प खोजिएको भन्ने देखाएको छ।
- कतिपय मानिस अहिलेकै अवस्था र व्यवस्था ठीक छ भन्नेमा छन्। तर, राप्रपा भने अहिलेको व्यवस्थामा पनि समस्या छ, अवस्थामा त कुरै गर्नुपरेन भन्नेमा छ।
- अहिले जुन सिट प्राप्त गरेको छ, त्यस हिसाबले सरकारमा गइहाल्नुपर्छ भन्ने 'म्याण्डेट'का रूपमा लिइँदैन। जनताको अनुमोदन सरकारमा जाने खालको छैन।
- हाम्रो सरकारमा जाने प्राथमिकताको विषय पनि होइन तर संसदीय गणित यस्तो छ कि हामीविना सरकार नबन्ने भयो र भोलि अस्थिरता पैदा हुने खतरा रह्यो भने त्यस्तो हुन नदिन कुनै दललाई समर्थन गर्न पनि सक्छौं।
- हामीले निरन्तरतासहितको परिवर्तनको मुद्दा उठाइरहेका छौं। राम्रो बनाउनका लागि पुरानो भत्काउनैपर्छ भन्ने छैन।
- जनताले राप्रपालाई एउटा हैसियतमा पुऱ्याउनुभएको छ, हामी बलियो ढंगले उभिने छौं, हाम्रो भविष्य उज्यालो छ, निराश हुनुपर्दैन।



**राजेन्द्र लिङ्देन**
अध्यक्ष, राष्ट्रिय प्रजातन्त्र पार्टी

*लोकतान्त्रिक सिद्धान्त अपनाए तापनि पञ्चायत पृष्ठभूमिका नेता-कार्यकर्ता संस्थापक रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले यसपटकको प्रतिनिधिसभा सदस्य निर्वाचनमा तुलनात्मकरूपमा उल्लेखनीय सफलता प्राप्त गरेको छ। मतदातासमक्ष हिन्दू राष्ट्र र राजतन्त्र पुनःस्थापनाको मागसहित आफ्नो सिद्धान्त, माग र कार्यसूची स्थापित गराउन निरन्तर आवाज उठाउँदै आएको र यसबीचमा मुलुकमा राजनीतिक स्थिरता कायम हुन नसकेको लाभ यसपटक राप्रपालाई प्राप्त भएको छ।*

*गत मंसिर ४ गते भएको निर्वाचनमा राप्रपाका उम्मेदवार प्रतिनिधिसभामा प्रत्यक्ष र समानुपातिकतर्फ सात-सात स्थानमा विजयी भएका छन्। देशका प्रमुख शक्तिका रूपमा रहेका नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रबाट राजनीतिक स्थिरता कायम गरी विकास र समृद्धिका अभियान अघि बढाउने सवालमा अलमल हुँदा ती दललाई विगतमा प्राप्त हुँदै आएको मतको केही अंश यसपटक राप्रपाले लिन सफल भएको छ। अघिल्लो निर्वाचनमा प्रतिनिधिसभामा एक स्थानमा मात्र सीमित राप्रपालाई वर्तमान अवस्थामा ल्याइपुऱ्याउन पार्टीका अध्यक्ष राजेन्द्रप्रसाद लिङ्देनसहितको टोलीको ठूलो मिहेनत र संघर्ष छ। जसरी पनि सरकारमा जाने भन्ने सोचले उक्त दललाई अघिल्लो निर्वाचनमा मतदाताले खुम्च्याए पनि यसपटक भने केही हदसम्म विश्वास गर्दै परीक्षणमा राखेको अध्यक्ष लिङ्देन बताउँछन्।*

*वि.सं. २०३६ मा तत्कालीन राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डलमा आबद्ध भई राजनीति यात्रा सुरू गरेका लिङ्देनले प्रजातान्त्रिक राष्ट्रिय विद्यार्थी संगठनका अध्यक्ष, राप्रपा झापाका सचिव, राप्रपाका केन्द्रीय सदस्य र महामन्त्री हुँदै अध्यक्ष भएका हुन्। पाँचथरमा जन्मी झापा हल्दिबारीमा झरेका उनले तत्कालीन झापा जिल्ला विकास समितिका सभापति र वि.सं. २०७४ मा झापा निर्वाचन क्षेत्र नं ३ बाट प्रतिनिधिसभा सदस्यका रूपमा विकास तथा प्रविधि समिति सदस्यको अनुभव पनि बटुलेका छन्। उनले राजनीतिक आन्दोलनका क्रममा दुईपटक कारागार र नौ महिनाभन्दा बढी बन्दी जीवन बिताएका छन्। आफूलाई निष्ठाको पर्याय तथा विकास र सामाजिक एकताका अभियानकर्मीका रूपमा परिचित गराउन रूचाउने ५८ वर्षीय लिङ्देन यसपटक पनि एमालेको सहयोगमा नेपाली कांग्रेसका पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलालाई फराकिलो मतले हराउँदै विधायक बन्न सफल भएका छन्। राजनीतिक यात्राका क्रममा संघर्षका लामो कथा-व्यथाका अनुभवी अध्यक्ष लिङ्देनसँग सरकार गठन, आगामी कार्यदेशसहित समामयिक विषयमा राष्ट्रिय समाचार समिति (रासस)का प्रमुख समाचारदाता उत्तम सिलवाल र उपप्रमुख समाचारदाता नारायणप्रसाद न्यौपानेले गरेको कुराकानीः*

**यसपटकको प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनलाई यहाँले कसरी लिनुभएको छ ?**

देशलाई यथास्थितिमै राख्ने कि परिवर्तनतर्फ लैजाने भन्ने सन्दर्भमा यो आवधिक निर्वाचन असाध्यै महत्त्वपूर्ण थियो तर परिणाम हामीले अपेक्षा गरेअनुरूप भएन। दल विशेषले बहुमत प्राप्त गर्न नसकेका कारण आगामी संसद् कस्तो हुन्छ, सरकार कति स्थिर हुन्छ भन्न नसकिने परिणाम प्राप्त भएको छ। चुनावी नतिजाबाट ठूलो जनमत परिवर्तनका पक्षमा छ भन्ने सन्देश आएको छ। यसले परम्परागत राजनीतिक दलको विकल्प खोजिएको भन्ने देखाएको छ। मुलुकका ठूला राजनीतिक दलले यसबाट शिक्षा लिनुपर्छ भन्ने मलाई लाग्छ।

**चुनावमा जाादा तपाईंका कार्यसूची र जनताको मागबीच कत्तिको तालमेल भएको पाउनुभयो ?**

हामीले मतदाताका बीचमा उठाएका विषय अभिभावकीयरूपमा राजसंस्था, सनातन हिन्दू राष्ट्र, प्रदेशको खारेजी, रोजगारी सिर्जना, समयमै मलखादको उपलब्धता र सुशासनप्रति जनताको व्यापक आकर्षण रहेको महसुस गरेका छौं। हाम्रा मुद्दासँग जनता सहमत भए पनि विगतको क्रियाकलापका कारण तुरुन्तै पूर्णविश्वास भने नगरेको मतपरिणामबाट स्पष्ट हुन्छ। आगामी कार्यक्रम र क्रियाकलाप हेरेर मात्र समर्थन गर्ने भनी मतदाताले हामीलाई यसपटक 'टेस्ट' गरेको देखिन्छ।

**अहिलेको अवस्था र व्यवस्थामा तपाईंको पार्टीका 'एजेण्डा' कार्यान्वयन सम्भव छ त ?**

सम्भव छ, अनिवार्य छ। अहिलेकै व्यवस्था र अवस्थाबाट देश अघि जान सक्दैन। कतिपय मानिस अहिलेकै अवस्था र व्यवस्था ठीक छ भन्नेमा छन् तर राप्रपा भने अहिलेको व्यवस्थामा पनि समस्या छ, अवस्थामा त कुरै गर्नुपरेन भन्नेमा छ। अहिलेको अवस्था र व्यवस्था दुवैमा परिवर्तन र सुधार अनिवार्य छ। ढिलो, चाँडो त्यस बाटामा सबै राजनीतिक दलहरू जान जरुरी छ, अन्यथा जनता स्वयं परिवर्तनका पक्षमा उभिन्छन्। त्यो चाहे मतदानबाट होस् वा आन्दोलनबाट भन्ने मलाई लाग्छ।

**राप्रपाको परिचय लोकतान्त्रिक दल भए पनि तालमेल र सहकार्यप्रति जनतामा प्रश्न छ, यसलाई कसरी हेर्नुभएको छ ?**

अघिल्लो निर्वाचनदेखि नै राप्रपामा मात्र होइन, देशका सबै राजनीतिक दलले कुनै न कुनै गठबन्धन र तालमेलका आधारमा चुनाव लडेका छन्। अरू दलले जस्तै राप्रपाले पनि यस निर्वाचनमा एमालेसँग तीनवटा प्रतिनिधिसभाको निर्वाचन क्षेत्रमा सहयोग लिएर भाग लिएको थियो। यो कुनै सैद्धान्तिक तालमेलभन्दा पनि सिट लिन र दिन सहकार्य गर्ने विषय थियो। न एमालेले राप्रपाको मुद्दालाई स्वीकार र सहयोग गरेको थियो, न राप्रपाले एमालेका मुद्दालाई स्वीकार गरेर चुनावी तालमेल गरेको थियो। यसलाई सैद्धान्तिकरूपमा त्यति व्याख्या गर्न जरुरी छैन। अरू दलसँगको सम्बन्ध, सम्पर्क र निकटताभन्दा एमालेसँग राप्रपा राष्ट्रियताका मामिलामा स्वभाविकरूपले निकट छ। अन्यका भन्दा दर्शन र दृष्टिकोणले हामी नितान्त फरक छौं। एमाले आफूलाई सेन्टरभन्दा लेफ्ट भन्छ भने हामी सेन्टरबाट अलिकति दायाँतर्फ (राइट) छौं, हामी त्यसमै उभिन्छौं, बुझ्छौं र बुझाउँछौं तर पूर्ण दक्षिणपन्थी भने होइनौं। एमालेसँग कुनै सैद्धान्तिक तालमेल होइन।

**आगामी नयाँ सरकार गठनको अभियानमा राप्रपा कुन कित्तामा उभिन्छ भन्ने सबैको चासो छ, यसमा अध्यक्षज्यूको दृष्टिकोण कस्तो छ ?**

राप्रपा संसदीय राजनीतिमा छ, निर्वाचनमा पनि भाग लिएको छ। अहिले जुन सिट प्राप्त गरेको छ, त्यस हिसाबले सरकारमा गइहाल्नुपर्छ भन्ने 'म्याण्डेट'का रूपमा लिइँदैन। जनताको अनुमोदन सरकारमा जाने खालको छैन। हाम्रो सरकारमा जाने प्राथमिकताको विषय पनि होइन तर संसदीय गणित यस्तो छ कि हामीविना सरकार नबन्ने भयो र भोलि अस्थिरता पैदा हुने खतरा रहयो भने त्यस्तो हुन नदिन कुनै दललाई समर्थन गर्न पनि सक्छौं। त्यो समर्थन गर्नुअघि निश्चित कारण भने हुनुपर्छ, संसद् जोगाउन र स्थिरता भनेर सरकार चलाउने जुन विकृत परम्परा छ, त्यसमा समर्थन गर्दैनौं। समर्थन गर्नुअघि सुशासन, राष्ट्रियता, जनजीविका र सेवा प्रवाहलगायत विषयमा सुनिश्चितासहितको स्पष्ट खाका र प्रतिबद्धता आउनुपर्छ। अनि हामी निश्चित कारणसहित मात्र सरकारमा जाने वा समर्थन गर्ने विषयमा सोच्न सक्छौं।

**मुलुकको राजनीति अब कुन हिसाबबाट अघि बढ्ला जस्तो लाग्छ यहाँलाई ?**

हामीले जुन व्यवस्था र प्रणाली अवलम्बन गरेका छौं, त्यसको सन्देश भनेको कुनै पनि दलले बहुमत प्राप्त गर्न सक्दैन। हालको प्रणालीको आशय भनेको अलग-अलग विचारका सबै दल मिलेर सरकार चलाउने, सेवा प्रवाह र सुशासनका सन्दर्भमा एक भएर जाने प्रणालीको स्वरूप हो। सबैले आ-आफ्ना स्थानमा रही व्यवस्थाको मर्म बुझेर अघि बढेमा सहजरूपमा राजनीति अघि जान्छ तर अरूको अस्तित्वलाई स्वीकार गरिएन भने र परम्परागतरूपमै सरकारलाई आफ्ना दल, गुट र परिवारको स्वार्थका रूपमा प्रयोग गर्न खोजियो भने कुनै पनि बेला दुर्घटना हुनसक्छ।

**पछिल्लो निर्वाचनको नतिजानुसार कसको नेतृत्व भएमा स्वाभाविकरूपमा राजनीतिक मार्ग अघि बढ्ला जस्तो लाग्छ यहाँलाई ?**

कुनै व्यक्ति विशेषले नेतृत्व गर्दैमा तुरुन्तै परिवर्तन र सुधार हुने होइन, त्यसले व्यापक र तात्त्विकरूपमा फरक पर्दैन। सबै राजनीतिक दलहरू सहमतिमा आएर अहिले हामीले अवलम्बन गरेको प्रणालीमा सुधार गर्नुपर्छ। न्यायाधीश र अन्य संवैधानिक अंग, राजदूत आदि नियुक्ति हुँदा ठूलो दलले ठूलो संख्या र माथिल्लो तहमा तथा सानो दलले सानो संख्या र तल्लो तहको भागबण्डा गर्दा प्रणाली र पद्दतिमा सुधार आउन सक्दैन। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मन्त्रिपरिषद्का निर्णय छानविन गर्न नपाउने, अनि ठूला निर्णय मन्त्रिपरिषद्बाट गरिने प्रवृत्तिले भ्रष्टाचारलाई प्रश्रय दिइरहेको छ। जोसुकै सरकारमा गए पनि यस प्रकारको व्यवस्था रहेसम्म तात्त्विक सुधारको सम्भावना छैन। त्यसकारण सामूहिकरूपमा 'कोर्श'मा सुधार गर्नुपर्छ, प्रणालीमा परिवर्तन गरेर जानुपर्छ।

**भिन्न राजनीतिक प्रणालीको वकालत गर्नुभएको तपाईंका पार्टीका ज्येष्ठ सदस्यले सदनमा नवनिर्वाचित सम्पूर्ण सदस्यलाई शपथ दिलाउन पाएको अवसरलाई कसरी लिनुभएको छ ?**

यो खुसीको कुरा हो, धेरै विशेषरूपमा लिनुपर्ने जरुरी छैन, राप्रपाले संरचना बनाउँदा र प्रतिनिधित्व गराउँदा गज्जब संयोग मिलेको छ। देशमा परिवर्तनका कुरा उठाउँदा परिवर्तन आकस्मिक होइन, नियमित हुनुपर्छ। भएका राम्रा कुराको संरक्षण गरेर अघि जान सक्छौं। हामीले निरन्तरतासहितको परिवर्तनको मुद्दा उठाइरहेका छौं। राम्रो बनाउनका लागि पुरानो भत्काउनैपर्छ भन्ने छैन। पुरानाको संरक्षण गरेर मात्र नयाँ राम्रो चिज बनाउन सकिन्छ। विगतमा नयाँ बनाउने नाममा पुराना भत्काइयो। नयाँ कस्तो बनाउने भन्ने कुनै संरचना, कुनै तस्बिर र कुनै खाका रहेनछ। अहिले राप्रपामा ८२ वर्षीय पशुपतिशम्शेर जबरादेखि २८ वर्षीया अनिषा नेपालीसमेत जनप्रतिनिधिमा चयन हुनुभएको छ। युवाको प्रतिनिधित्व ६० प्रतिशत छ।

**हरेक पार्टीभित्र वंशज र सिद्धान्तबीचको टकराव देखिन्छ तर राप्रपा त्यसबाट मुक्त छ भन्ने लाग्छ ?**

राप्रपा अहिले त्यसबाट पूर्णरूपमा मुक्त छ, कसैको भाइ, श्रीमती वा अन्यलाई अचानक चन्दा दिएका भरमा कार्यकर्ताले थाहा नपाई सांसद बनाइएको अवस्था छैन। योगदान, योग्यता र क्षमताका आधारमा जिम्मेवारी दिइएको छ। नातागोता र चन्दाको स्थान छैन।

**एउटा अनुभवी राजनीतिकर्मीका हिसाबले मुलुकको भविष्यप्रति नेपाली जनतालाई सन्देश के दिन चाहनुहुन्छ ?**

हामीले हाम्रो भविष्यका बारेमा ठूलो आशंका गर्नुपर्ने अवस्था छैन। तथापि हामीसँग जस्तो संरचना र प्रणाली छ, धेरै परिवर्तनका लागि निकै आश्वस्त हुनुपर्ने अवस्था पनि छैन। जनताले राप्रपालाई एउटा हैसियतमा पुऱ्याउनुभएको छ, हामी बलियो ढंगले उभिने छौं, हाम्रो भविष्य उज्यालो छ, निराश हुनुपर्दैन।

**भर्खरै यहाँको अमेरिकालगायत मुलुकका राजदूतसँगका भेटघाट औपचारिक बधाईमा मात्र सीमित रहयो कि अरू कुनै पनि ?**

राष्ट्रिय राजनीति र अन्तर्राष्ट्रिय सम्बन्धसहित सरकार निर्माणका निर्णयमा राप्रपाको के भूमिका हुन्छ भन्ने अमेरिकी राजदूतको जिज्ञासा थियो। अमेरिका नेपालको शान्ति, समृद्धि र विकासका पक्षमा छ, निरन्तर सहयोग गर्न तयार छ, अमेरिका कुनै पनि प्रकारको हस्तक्षेप गर्न चाहन्न भन्ने रहयो। नेपालको असंलग्नता, तटस्थता, पञ्चशीलजस्ता सिद्धान्त निरन्तर रहोस् भन्दै उहाँहरूले राप्रपाको पछिल्लो प्रगतिप्रति खुसी व्यक्त गर्दै हाम्रो वैचारिक सिद्धान्त र दृष्टिकोण बुझ्ने प्रयास गरेको पाएको छु।

**संसदमा दोस्रो ठूलो दल एमाले नेतृत्वमा पनि सरकार गठनको सम्भावना र भइरहेका चर्चालाई यहाँले कसरी हेर्नुभएको छ ?**

सम्भावना त अनेक छन्, अनेक प्रकारका हिसाब निस्कन्छन्, तर यसमा राप्रपा संग्लन छैन, संलग्न हुनुअघि नेतृत्व गर्ने दलले राप्रपा चाहिन्छ भने केका लागि भन्ने प्रश्न छ, हामी केही थान मन्त्री र उपप्रधानमन्त्रीका लागि सरकारमा जान तयार छैनौं। सरकार निर्माणमा हतारिएर कुनै बैठक र छलफलमा सामेल छैनौं। अहिले खाका निर्माण र स्वरूप निर्माण गरेर छलफल र अभ्यास भएको छैन।

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ। यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो। - सं.

# पाथीभरा क्षेत्रमा ड्रोन उडाउन प्रतिबन्ध

**फुङ्लिङ-** ताप्लेजुङमा अवस्थित प्रसिद्ध धार्मिकस्थल पाथीभरा क्षेत्रमा ड्रोन क्यामरा उडाउन बन्देज गरिएको छ । सुरक्षा संवेदनशीलता मध्यनजर गर्दै विनाअनुमति पाथीभरा क्षेत्रमा ड्रोन क्यामराबाट तस्बिर तथा दृश्य सामग्री उत्पादन गर्न बन्देज लगाइएको हो ।

धार्मिक तथा साँस्कृतिक सम्पदा, सुरक्षा संवेदनशील स्थान र हवाईमार्गमा असर गर्ने तथा व्यक्तिगत गोपनीयतामा असर पर्ने भएकाले पाथीभरा क्षेत्र विकास समितिले सम्बन्धित निकायको अनुमतिबेगर पाथीभरा क्षेत्रमा ड्रोन क्यामरा उडाउन नपाउने पाथीभरा क्षेत्र विकास समितिले जनाएको छ । सुरक्षा संवेदनशीलतालाई ख्याल गर्दै अनुमतिबेगर पाथीभरा क्षेत्रमा ड्रोन क्यामरा उडाउन नपाइने निर्णय गरिएको समितिका अध्यक्ष रक्की थेबेले बताए । समितिले सार्वजनिक सूचना आह्वान गरेको छ ।

वि.सं. २०७२ मा जारी भएको ड्रोन उडान कार्यविधिमा धार्मिक तथा साँस्कृतिक सम्पदा, सुरक्षा संवेदनशील स्थान र हवाईमार्गमा असर तथा व्यक्तिगत गोपनीयतामा असर गर्नेगरी उडान गर्न नपाइने उल्लेख छ ।

अनुमति लिने व्यक्ति वा संस्थाले ड्रोनको विवरण, उद्देश्य र उडान समयको विवरण अनिवार्य सम्बन्धित सबै निकायमा पेस गर्नेपर्ने प्रावधान छ । कार्यविधिअनुसार सुरक्षा निकाय तथा संवेदनशील क्षेत्रको एक किलोमिटर क्षेत्रमा पनि उडान गर्न पाइँदैन । ड्रोन उडाउने अनुमतिका लागि गृह मन्त्रालय, सञ्चार मन्त्रालय र नागरिक उड्डयन प्राधिकरणबाट स्वीकृतिपत्र तथा व्यावसायिक प्रयोजनका लागि सम्बन्धित मन्त्रालयले ड्रोन उडानको सिफारिस गरेको पत्रसाथ व्यक्ति वा संस्थाले लिखित निवेदन दिनुपर्ने हुन्छ ।

पाथीभरा क्षेत्रमा विभिन्न संस्था तथा व्यक्तिले आफूखुसी पाथीभरा क्षेत्रमा ड्रोन क्यामरा उडाउन थालेसँगै सम्बन्धित निकायको विनाअनुमति ड्रोन क्यामराबाट तस्बिर तथा दृश्य सामग्री उत्पादन गर्न बन्देज गरिको पाथीभरा क्षेत्र विकास समितिका कार्यकारी निर्देशक मनमणि काफ्लेले बताए । *रासस*

# आगलागीबाट एक करोड बराबरको क्षति

**नवलपरासी पश्चिम (प्रस)-** नवलपरासी पश्चिमको सुनवलमा भएको आगलागीबाट एक होटलसहित सात वटा पसल जलेर नष्ट भएका छन् । आगलागीबाट करिब एक करोड रूपैयाँ बराबरको धनमाल नष्ट भएको अनुमान गरिएको छ ।

सुनवल नगरपालिका-१ सोमनाथस्थित सन्तोष पौडेलको टिन र ब्लकले बनेको घरको सटर भाडामा रहेको मुन्ना टायर पसलबाट सुरु भएको आगलागीबाट थप थिरती होटल, हिमचुली मोटर पार्टस्, गरौ कलिक मोटर पार्टस्, सगिर ब्याट्री पसल, रामजी वर्कसप, सुरज पेन्टस्लगायत सातवटा पसल पूर्णरूपमा जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय नवलपरासी पश्चिमका सूचना अधिकारी भोजराज पाण्डेले बताए ।

बिहीबार बिहान साढे १ बजेदेखि सुरु भएको आगलागी तीन घण्टापछि स्थानीय, नेपाल प्रहरी र सशस्त्र प्रहरीले नियन्त्रणमा लिएका थिए । प्रारम्भिक अनुसन्धानबाट बिजुली सर्ट भई आगलागी भएको देखिएको प्रहरीले जनाएको छ ।


## टुरिजम इन्भेष्टमेन्ट फण्ड लिमिटेड
पोखरा महानगरपालिका-८, कास्की

**तेश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना**

यस कम्पनीको मिति २०७९।०९।०७ मा बसेको संचालक समितिको बैठकको निर्णयनुसार यस कम्पनीको तेश्रो वार्षिक साधरण सभा देहायको मिति, समय र स्थानमा निम्न लिखित प्रस्ताव उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने भएको हुँदा सम्पुर्ण सेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. **सभा हुने मिति, समय र स्थान :**
**मिति** : २०७९ साल पुष महिना ३० गते शनिबार (जनवरी- १४, २०२३)
समय : बिहान १० बजे देखि
**स्थान** : पोखरा महानगरपालिका-८, कास्की स्थित कम्पनीको कर्पोरेट कार्यालयको सभाकक्ष

२. **छलफलका विषय सूचीहरू :**
(क) **सामान्य प्रस्ताव :**
१. अध्यक्षज्युले पेश गर्ने हुने आ. व ०७८।७९ को वार्षिक प्रतिवेदन अनुमोदन गर्ने सम्बन्धमा ।
२. आ.व. २०७८।७९ को लेखा परिक्षकको प्रतिवेदन अनुमोदन गर्ने सम्बन्धमा ।
३. आगामी वर्ष २०७९।८० को निम्ती लेखा परिक्षकको नियुक्ती र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
(ख) विशेष प्रस्ताव :
१. कम्पनीको नियमावलीको नियम ९ मा भएको अग्राधिकार सेयर सम्बन्धि व्यवस्था संसोधन गर्ने सम्बन्धमा ।
२. डिबेन्चर जारी गर्ने सम्बन्धमा ।
(ग) विविध ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**



## धौलागिरी कालिका हाईड्रो लिमिटेड
**(कम्पनी ऐन २०६३ बमोजिम स्थापित संस्था)**
**काठमाण्डौ, नेपाल**

**सातौं बार्षिक साधारण सभा सम्बन्धी सूचना**

श्री शेयरधनी महानुभावज्यूहरु,
यस कम्पनीको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस धौलागिरी कालिका हाईड्रो लिमिटेडको सातौं बार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पुर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थान :**
मिति : २०७९/०९/२७
समय : विहान ११:०० बजे
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाण्डौ ।

**वार्षिक साधारण सभामा पेश गरीने छलफलका प्रस्तावहरु**
१. अध्यक्षज्यूको मन्तव्य तथा वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।
२. आ. व. ०७८/०७९ को लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्त सम्मको वासलात र आ. व. ०७८/०७९ को वार्षिक नाफा नोक्सान हिसाव विवरण र नगद प्रवाह विवरण माथि छलफल गरी अनुमोदन गर्ने ।
३. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ. व. ०७९/०८० को लागि लेखापरीक्षकको नियुक्ती गर्ने र पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालकको निर्वाचन गर्ने सम्बन्धमा ।
५. विविध ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**नोटः-** अन्य आबश्यक जानकारीको लागि यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौमा ०१-४५४२७३०,४५३६८१९ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।



## कमला भ्याली बचत तथा ऋण सहकारी संस्था लिमिटेड
चाबहिल, कामनपा काठमाडौं
फोन नं. ०१५९०९९६५
Email: kamalavalleysaccos@gmail.com

**चौधौं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**आदरणीय सेयरधनी महानुभावहरू,**
मिति २०७९ असोज ५ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस संस्थाको **चौधौं वार्षिक साधारण सभा** निम्न मिति, स्थान र समयमा हुने भएकोले सम्पूर्ण सेयर सदस्य महानुभावहरूको जानकारी तथा उपस्थितीको लागि अनुरोधका साथ सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय :**
मिति : २०७९ साल पुस २९ गते शुक्रबार
स्थान : संस्थाको कार्यालय, चाबहिल, काठमाडौं ।
समय : बिहानको ११:०० बजे ।

**साधारण सभामा छलफल गर्ने प्रस्तावहरू:**
१. संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूले प्रस्तुत गर्नु हुने २०७८/०७९ को वार्षिक प्रतिवेदन पर छलफल गरी पारित गर्ने ।
२. लेखा परिक्षणको प्रतिवेदन २०७८/०७९ को वासलत, नाफा-नोक्सान हिसाव सहितको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।
३. आ.व.२०७९/०८० को लागि लेखा परिक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।
४. आ.व.२०७८/०७९ को साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न संचालक समिति र साधारण सभाका सदस्यहरूबाट कम्तीमा ८ जना प्रतिनीधि चयन गर्ने सम्वन्धमा ।
५. आ.व. २०७८/०७९ मा संचालक समितिको निर्णय बमोजिम संस्थामा भए गरेका कार्यहरूलाई अनुमोदन गर्ने सम्वन्धमा ।
६. विविध

**संचालक समितिको आज्ञाले**
**सचिव**



## बिज बजार लिमिटेड
काठमाडौं महानगरपालिका-१४,काठमाडौं, बागमती

**दोश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना**

यस कम्पनीको मिति २०७९।०९।०७ मा बसेको संचालक समितिको बैठकको निर्णयनुसार यस कम्पनीको **दोश्रो वार्षिक साधरण सभा** देहायको मिति, समय र स्थानमा निम्न लिखित प्रस्ताव उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने भएको हुँदा सम्पूर्ण सेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. सभा हुने मिति, समय र स्थान :**
मिति : २०७९ साल पुष महिना ३० गते शनिबार, जनवरी (१४, २०२३)
समय : बिहान १० बजे देखि
स्थान : काठमाडौं जि.काठमाडौं म.न.पा.वडा नं.१४ स्थित कम्पनीको कर्पोरेट कार्यालयको सभाकक्ष

**२. छलफलका विषय सूचीहरू :**
(क) **सामान्य प्रस्ताव** :
१. अध्यक्षज्युले पेश गर्ने हुने आ.व. ०७८/७९ को वार्षिक प्रतिवेदन अनुमोदन गर्ने सम्बन्धमा ।
२. आ.व. २०७८/७९ को लेखा परिक्षकको प्रतिवेदन अनुमोदन गर्ने सम्बन्धमा ।
३. आगामी वर्ष २०७९।८० को निम्ति लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
(ख) **विशेष प्रस्ताव** :
१. कम्पनीको उद्देश्य थप गरी प्रबन्धपत्रको दफा ४ को उपदफा १ संशोधन गर्ने सम्बन्धमा ।
